अनुसूची -२

दफा ४ तथा अनुसूची -१ को भाग -२ संग सम्बन्धित

## माङसेबुङ गाउंपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ३ मितिः २०७६।०८।२७

भाग-२

माङसेबुङ गाउं कार्यपालिका, इभाङ, इलामले स्वीकृत गरेका देहायका कार्यबिधि सबैको जानकारीको लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

## माङसेबुङ गाउँपालिकाको जलस्रोत कार्यबिधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।८।२७

**प्रस्तावना** : माङसेबुङ गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्न, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषणमुक्त राख्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ध १ र दफा ११ (४) ग ३ बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रका खानेपानी तथा जलस्रोत संस्था व्यवस्थापन गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले माङसेबुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७५।०८।२७ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "जलस्रोत कार्यविधि, २०७६" रहेको छ ।
(२) यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “जलस्रोत” भन्नाले यस गाउँपालिकाभित्र भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ख) “लाभदायक उपयोग” भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपल `गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले जलस्रोतको उपयोग गर्ने दफा ८ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(घ) “उपभोक्ता संस्था” भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि वा अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **जलस्रोत स्वामित्व** : यस गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व माङसेबुङ गाउँपालिकामा निहित रहनेछ ।

**४. जलस्रोत उपयोग**: (१) यस कार्यविधि बमोजिम जल उपयोग अधिकार अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन :-

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मार्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

५. **जल उपभोक्ता संस्था गठन** : (१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा समूहहरूले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्था दर्ताको लागि तोकिएको अधिकारी समक्ष अनुसुची-१ बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन माथि आवश्यक प्रकृया पुरा गरी अनुसुची-२ बमोजिमको दर्ता प्रमाण पत्र दिनु पर्नेछ । जल उपभोक्ता संस्था दर्ता अधिकारीका रुपमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेएको अधिकृत स्तरको कर्मचारी रहनेछ ।

(४) जल उपभोक्ता समिति/संस्था/पेल्ट्रिक सेट दर्ता गर्दा तपशीलमा उल्लेखित विवरणहरु निवेदन सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

- आमभेलाको माइन्युट (सहमति तथा मञ्जुरी प्रदान )
- व्यक्तिगत जग्गामा पर्ने भए मञ्जुरीनामा
- विधान २ प्रति
- परियोजना प्रस्ताव

- समितिको निर्णय
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- निवेदन

(५) विधानमा खुलाउनु पर्ने विवरणहरूः नियम ५ (४) बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी कम्तीमा देहायका विवरणहरू खुलाउनु पर्नेछ ।

(क॰ पूरा नाम र ठेगाना,

(ख॰ उद्देश्य तथा कार्य क्षेत्र,

(ग॰ सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ॰ सदस्यको निष्काशन र राजीनामा,

(ङ॰ हक दावी, नामासारी वा हकवालाको मनोनयन,

(च॰ साधारण सभा सम्बन्धी,

(छ॰ सञ्चालक समितिको गठन .निर्वाचन एवं काम, कर्तव्य तथा अधिकार सम्बन्धी॰,

(ज॰ सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ॰ सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ॰ कोष र लेखापरीक्षण,

(ट॰ विधान संशोधन,

(ठ॰ विघटन,

(ड॰ विविध ।

६. **उपभोक्ता संस्था सङ्गठित संस्था हुने** : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप तथा लेटर प्याड हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ ।

७. **जलस्रोत उपयोगको प्राथमिकताक्रम** : (१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायका प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखति कुराको निर्धारण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. **अनुमतिपत्रको व्यवस्था** : (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा एकसय वीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनुपर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले यो कार्यविधि प्रारम्भ भएको मितिले छ महनिाभित्र तेकिएको अधिकारी वा निकाय समक्ष विवरण पेश गर्नुपर्नेछ । साथै यो अगावै जारी गरिएको अनुमति पत्र वा दर्ता भैसकेका संस्थाहरुको हकमा यो कार्यविधि लागू भए पछि नवीकरण गर्नु पर्ने छ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(५)अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिए बमोजिम स्वीकृति लिनुपर्नेछ ।

९. **जलविद्युतको लागि जलस्रोतको उपयोग** : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युतको उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य कुराहरू यसै कार्यविधि बमोजिम हुनेछन् ।

१०. **नेपाल सरकारले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने** : (१) नेपाल सरकारले आफैंले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस कार्यविधिको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस कार्यविधि बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि सरकारले आफूले लिई विकास गर्न सक्नेछ ।

**स्पष्टीकरण** : यस कार्यविधिको प्रयोजनको लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभहुने उपयोगलाई जनाउनेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोगसित सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना वापत सरकारले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम सरकारले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य (त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाइ) को आधारमा निर्धारित गरिनेछ ।

११. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने** : (१) दफा १० को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र कानूनको अधीनमा रही आफूले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

१२. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारले कुनै स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरू बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

१३. **सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असूल उपर गर्न पाउने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असूल उपर गर्न सक्नेछ ।

(२) सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ ।

१४. **सेवा रोक्न सकिने** : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकृत रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

१५. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने** : सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्ने छ ।

तर कुनै घर जग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरूपयोग गरी रहेको शङ्का हुने मनासिब माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

१६. **अरुको घर जग्गाको उपयोग वा प्राप्ति** : (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले सरकार समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछः-

(क) बाँध वा तटबन्द बाँध्न,
(ख) नहर, कुलो वा सुरुङ्ग खन्न,
(ग) जमीन माथि वा मुनि पानीको ट्याङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,
(घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,
(ङ) जलस्रोतको विकाससित सम्बन्धित अरू आवश्यक निर्माण कार्य गर्न ।
(च) प्रसारण तथा वितरण लाईन बनाउन तथा सो क्षेत्रमा पर्ने झाडी हटाउन ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा सरकारले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम सङ्गठित संस्थालाई जग्गा प्राप्त गराइ दिए सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ ।

(३) माङसेबुङ गाउँपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी सरकारले निषेध गर्न सक्नेछ । त्यसरी निधेष गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी वापत सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

१७. **जलस्रोतको उपयोगसित सम्बन्धित संरचनाको सुरक्षा** : (१) जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा सरकारले आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले बेहोर्नेछ ।

१८. **जलस्रोतको गुणस्तर तोक्ने** : (१) माङसेबुङ गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नुपर्नेछ ।

१९. **जलस्रोतलाई प्रदूषित गर्न नहुने** : (१) स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदूषण सहन-सीमाका वारेमा तोकिएका शर्तहरु सबैले पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

२०. **वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने** : जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ ।

२१. **अनुमतिपत्र खारेज गर्न सकिने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको मापदण्ड विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

२२. **दण्ड सजाय** : (१) कसैले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैले हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(२) कसैले यस कार्यविधि बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना वा प्रचलित कानून बमोजिम कैद सजाय वा दुवै सजाय हुन सक्नेछ ।

२३. **खारेजी र बचाउ** :

(१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि नहर तथा विद्युत र तत्सम्बन्धी जलस्रोत कार्यविधि, २०२४ र सो कार्यविधि बमोजिम बनाइएको नियम वा निकालिएको आदेश अन्तर्गत गरिएको काम कारवाही यसै कार्यविधि अन्तर्गत भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेखित विषयहरु अन्य कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।

अनुसुची -१
दफा ५ को उपदफा (२) सँग सम्वन्धित
उपभोक्ता संस्थाको दर्ताको निवेदनको ढांचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
माङसेबुङ गाउँपालिका, इभाङ इलाम ।

महोदय,

हामीले माङसेबुङ गाउँपालिकाको जलश्रोत कार्यबिधि, २०७६ बमोजिम ………………… …………… …………… ………… ……उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको दुई प्रति विधान सहित दरखास्त दिएका छौँ ।

विवरणः

१. उपभोक्ता संस्थाको नाम र ठेगानाः

२. कार्य क्षेत्रः

३. उद्देश्यहरूः

(क॰

(ख॰

(ग॰

४. सदस्यहरूको नाम, ठेगाना, पेशा

(क॰

(ख॰
(ग॰
(घ॰
५. उपयोग गरिने जलस्रोतको विवरणः
(क॰ जलस्रोतको मुलको नाम र रहेको स्थानः
(ख॰ जलस्रोतबाट गरिने प्रयोगः
(ग॰ उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः
(घ॰ उक्त जलस्रोतको हाल भैरहेको उपयोगः
६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः
(क॰ सेवाको किसिमः
(ख॰ सेवा पुर्याउने क्षेत्रः
(ग॰ सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः
(घ॰ भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः
७. आर्थिक स्रोतको विवरणः
८. संस्थाको ठेगानाः

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
दस्तखतः
नामः
पदः
ठेगानाः
मितिः

अनुसुची -२
दफा ५ को उपदफा (३) सँग सम्वन्धित

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, इभाङ इलाम

उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

दर्ता नं. ............. दर्ता मितिः .............

श्री ………………… ……………………………………………………………………………, माङसेबुङ
– , इलामलाई माङसेबुङ गाउँपालिकाको जलश्रोत कार्यबिधि, २०७६ को दफा ५ को उपदफा ३ बमोजिम दर्ता गरी
यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

कार्यालयको छाापः प्रमाण-पत्र दिने अधिकारी

दस्तखत :
नाम :
पद :

**नविकरण लागत**

| नविकरण गरेको मितिः | दर्ता प्रमाण-पत्र बहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मिति : २०७६।०८।२७

आज्ञाले
डिल्लीराम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत